# केन्द्रीय कार्यालय, अनामनगर
## प्रशासन शाखा
## सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना
### सूचना नं. १०१०/०७२-७३
### (गोरखापत्रमा प्रथम पटक प्रकाशित मिति : २०७३/१/२२)

यस आयोगको लागि आ.व. ०७२/७३ को लागि आवश्यक पर्ने कार, फोटोकपी मेशिन, छपाइ मेशिन, ल्यापटप, कम्प्युटर तथा एल.सि.डी. मोनिटर सामानहरु बोलपत्रद्वारा खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त र इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाहरुबाट देहाय बमोजिमको शर्तहरुको अधीनमा रही रितपूर्वकको सिलबन्दी बोलपत्र वा e-Bidding को माध्यमबाट बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१ बोलपत्र फाराम खरिद गर्न इच्छुक फर्म, उद्योग, कम्पनी, संस्था वा व्यक्तिहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समयभित्र चालु आ.व. को लागि नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र एवं आ.व. ०७१।७२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी लिखित निवेदन पेश गरी तोकिए बमोजिमको राजश्व दस्तुर (फिर्ता नहुने गरी) बुझाई यस आयोगको भण्डार शाखा तथा काठमाण्डौ उपत्यका दरखास्त संकलन केन्द्र, अनामनगरबाट खरिद गर्न सकिने छ ।

२. खरिद गरिएको बोलपत्र, फाराम, प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२.०० बजेभित्र यस आयोगको नाममा सम्बोधन गरी बोलपत्र फाराम पेश गर्नेको नाम, ठेगाना, र फोन नं. उल्लेख गरी सही छाप गरी सिलबन्दी लाहाछाप लगाई खामको बाहिर कामको विवरण, ठेक्का नं. समेत उल्लेख गरी यस आयोगको प्रशासन शाखामा तोकिएको समयभित्रै दर्ता गराइसक्नुपर्नेछ । सो सिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम दिनको २.०० बजे बोलपत्रदाता वा निजहरुले अख्तियारनामा दिई पठाएका प्रतिनिधीको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजका प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३ बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा कुनै सजांय नपाएको भनी लिखित रुपमा घोषणा गरेको कागजात बोलपत्र फारामसाथ पेश गर्नुपर्नेछ ।

४. सिलबन्दी बोलपत्र साथ जमानत वापत तपसिलमा उल्लेख गरेबमोजिमको जमानत रकम कोष तथा लेखा नियन्त्रक समन्वय कार्यालय , थापाथलीको नाममा नेपाल राष्ट्र बैंक, थापाथलीमा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस आयोगको नाममा जारी गरिएको बोलपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरि १२० दिन अवधि (Validity) रहेको सक्कल बैंक जमानीपत्र (Unconditional Bidbond) संलग्न गरी पेश गर्नुपर्ने छ ।

५. दररेट अक्षर र अंक दुबैमा लेख्नुपर्नेछ, । अक्षर र अंकमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६. म्याद नाघि आएको वा रीत नपुगेको वा कुनै पनि शर्त राखी पेश गरेको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

७ बोलपत्र सम्बन्धी सम्पूर्ण कुराहरु यसमा लेखिएको वमोजिम र यसमा उल्लेख नभएको हकमा सार्बजनिक खरिद ऐन तथा नियमावली र नेपाल सरकारको अन्य प्रचलित ऐन, नियमहरु बमोजिम हुनेछन् ।

८. बोलपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो कार्यहरु क्रमशः कार्यालय खुलेको अर्को दिन हुनेछ ।

९. e-Bidding मा भाग लिने बोलपत्र दाताहरुले सार्वजनिक खरिद अनुगमन कार्यालयको e-Bidding Protel - www.bolpatra.gov.np मा Login गरी प्राप्त निर्देशन अनुसार बोलपत्र सम्बन्धी कागजातहरु Upload गर्नुपर्ने छ ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस आयोगमा सुरक्षित रहने छ । बोलपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा यस आयोगको स्टोर शाखामा आई बुझ्न सकिने छ ।

११. प्रत्येक ठेक्का नम्बरको फरक फरक टेण्डर डकुमेन्ट खरिद गरी पेश गर्नुपर्नेछ । यस सम्बन्धी सूचना आयोगको website:- www.psc.gov.np र www.bolpatra.gov.np मा हेर्न सक्नुहुनेछ ।

**तपसील**

| सि.नं. | ठेक्का नं. | कामको बिबरण | बोलपत्र दस्तुर | जमानत रकम(रु. मा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | ५/०७२-७३ | कार Car (Crossover) खरिद | ३०००।- | १,८०,०००।- | e-Bidding बाट समेत |
| २ | ६/०७२-७३ | ल्यापटप, कम्प्युटर र एल सि.डी मोनिटर | १०००।- | १,३४,०००।- | - |
| ३ | ७/०७२-७३ | फोटोकपी मेशिन र छपाइ मेशिन | १०००।- | १,३०,०००।- | - |